**जडिबुट्टी, कृषि उपज, कवाडी, जीबजन्तु र स्थानीय सडक तथा पूर्वाधार उपयोग कर उठाउने ठेक्का बन्दोवस्त गर्ने वारेको सिरीजङ्गा गाउँपालिका कार्यालयको अत्यन्त जरुरी सूचना ।**

तेश्रो पटक प्रकाशित मितिः २०८१।०४।१५

सूचना नं ०३

स्थानीय सरकार सन्चालन ऐन २०७४ को अधिकार क्षेत्र भित्र रही यस सिरीजङ्गा गाउँपालिका ताप्लेजुङले चालु आ. व. ०८१।८२ को लागि जडिबुट्टी, कृषि उपज, कवाडी, जीवजन्तु र स्थानीय सडक तथा पूर्वाधार उपयोग कर उठाउन ठेक्का वन्दोवस्त गरी उठाउनु पर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म, कम्पनी, संघ, संस्थाहरुले निम्न शर्तहरुको अधिनमा रही यस कार्यालयमा बोलपत्र पेश गर्न हुन सम्वन्धित सबैको लागि यो सूचना मिति २०८१।०३।२६ गते बसेको कार्यपालिकाको बैठकको निर्णय नं १२ बमोजिम प्रकाशित गरिएको छ ।

| सि.नं. | आय ठेक्का नं | शीर्षक | ठेक्काको न्यूनतम कूल ठेक अंक (मु.अ.क. बाहेक) रू. | वोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०१/२०८१/०८२ | जडिबुट्टी, कृषि उपज, कवाडी, जीवजन्तु र स्थानीय सडक तथा पूर्वाधार उपयोग कर | २,५०,०००।० | १०००।० | |

**शर्तहरू :-**

१ यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन (सो दिन विदा परे त्यस पछि कार्यालय खुलेको पहिलो दिन) कार्यालय समय भित्र वोलपत्र खरिद गरी सोही दिनको १२ वजे भित्र यस गाउँपालिकामा दर्ता गरी सक्नु पर्नेछ र सोहि दिनको २ वजे प्रमुख प्रशासकीय अधिकृतको रोहवरमा बोलपत्र खोलिनेछ । ठेकेदारका प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

२. बोलपत्र पेश गर्ने व्यक्ति भए नेपाली नागरिकताको प्रमाण-पत्र तथा फर्म वा कम्पनि भए फर्म वा कम्पनी दर्ता प्रमाणपत्र र आ.व. २०७९/०८० सम्मको कर चुक्ता गरेको प्रमाण-पत्रको प्रतिलिपि फारमसाथ अनिवार्य रूपमा पेश गर्नुपर्ने छ ।

३. बोलपत्र दाताले आफूले कवोल गरेको कवोल अंकको पाँच प्रतिशतले हुन आउने धरौटी वापतको रकम ने.वै.लि तेल्लोकमा रहेको यस कार्यालयको धरौटी खाता नं. २६१०३००००३००००००००१ मा जम्मा गरेको सक्कल वैंक भौचर वा वोलपत्र खालिने मितिवाट कम्तिमा ७५ दिन मान्य अवधि रहेको नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त कुनैपनि बैंकबाट यस कार्यालयको नाममा जारी भएको विडवण्ड पेश गर्नु पर्नेछ ।

४. आन्तरिक राजश्व खाता नं २६१०३००००००१००१०००००१ मा बोलपत्र दस्तुर रकम रु १०००।- मात्र (पछि फिर्ता नहुने गरि ) बुझाई यस कार्यालयवाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

५ जडिबुट्टी, कृषि उपज, कवाडी, जीवजन्तु र स्थानीय सडक तथा पूर्वाधार उपयोग करको शुल्क स्थानीय राजश्व प्रामर्श समितिले तोकिए बमोजिम र आर्थिक ऐन २०८१।०८२ बमोजिम हुनेछ ।

६. किस्ताबन्दीमा रकम बुझाउन चाहनेले स्वीकृत ठेक्का रकम बराबरको क वर्गको बैंकबाट जारी भएको घटीमा १३ तेह महिना अवधि भएको परफरमेन्स बण्ड बुझाई ठेक्का रकम तीन किस्तामा बुझाउन पर्नेछ । किस्ता रकम बुझाउदा पहिलो किस्ता ३५ प्रतिशत, दोस्रो किस्ता ३५ प्रतिशत र अन्तिम किस्ता ३० प्रतिशत रकम कायम गरिएको छ । यसरी किस्ता बुझाउँदा पहिलो किस्ता सम्झौता गर्दाकै बखतमा, दोस्रो किस्ता पुष मसान्तभित्र र अन्तिम किस्ता चैत्र मसान्तभित्र बुझाउनु पर्नेछ। एकमुष्ठ रकम बुझाएमा कबोल गरेको रकमको १० प्रतिशत छुट हुनेछ ।

७. ठेक्काको अवधि सम्झौता मितिको दिन शुरू भई २०८२ साल आषाढ मसान्तसम्म हुनेछ ।

८. यस सम्वन्धमा थप कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

९. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०. यस सूचनामा उल्लेख भए वाहेक अन्य कुराहरू प्रचलित कानुन वमोजिम हुनेछ ।

sirijangharuralmunicipality@gmail.com
https://sirijanghamun.gov.np
https://www.facebook.com/sirijangha

अध्यक्ष : ९८५२६६०३३२
उपाध्यक्ष : ९८४२७७७८८६
प्र.प्र.अ. : ९८५२६६०३३२
सूचना अधिकारी : ९८६२००६२३७

Scanned with CamScanner